
# प्रशासन अर्ध वार्षिक बुलेटिन
# २०७६।७७




नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय


काभ्रेपलाञ्चोक

## १. काभ्रेपलान्चोक जिल्लाको सामान्य परिचय

विश्व मानचित्रमा समुद्री सतहबाट २८० मिटरदेखि ३०१८ मिटर सम्मको उचाईमा रहेको यो जिल्ला ८५°२४' देखि ८५°४९' पूर्वी देशान्तर र २७° २०' देखि २७° ४५' उत्तरी अक्षांशमा फैलिएको छ । राजनैतिक विभाजन अनुसार नेपालको ७ प्रदेशहरू मध्ये वाग्मति प्रदेशमा पर्ने काभ्रेपलान्चोकजिल्लाको कूल क्षेत्रफल १३९६ वर्ग किलोमिटर छ जसमध्ये खेतीयोग्य जमिन ३०,४०६.५ हेक्टर र ७३००.२९ हेक्टर बन जंगलले ढाकेको छ । यस जिल्लामा २ वटानिर्वाचन क्षेत्र, ६ वटा नगरपालिकाहरु, ७ वटागाउँपालिकाहरु रहेका छन् । जिल्लाको कूल जनसंख्या ३,८१,९३७रहेको छ ।

यो जिल्लाको पूर्वमा रामेछाप र दोलखा जिल्ला, पश्चिममा ललितपुरर भक्तपुर, उत्तरमा सिन्धुपाल्चोक र दक्षिणमा सिन्धुली र मकवानपुर जिल्लासँग सिमाना जोडिएको छ । राजधानी काठमाडौंबाट पुर्वी स्थानमा रहेको यस जिल्लाको मुख्य प्रवेशद्वार साँगा राजधानीबाट २१ कि.मि. को दुरीमा रहेको छ भने जिल्ला सदरमुकाम धुलिखेल ३० कि.मि. को दुरीमा रहेको छ ।यस जिल्लाको बीच भाग भएर दुई वटा राष्ट्रिय राजमार्गहरु (अरनिको राजमार्ग र वि.पि. राजमार्ग) गएका छन् । यस जिल्लामा ६ वटा नगरपालिका र ७ वटा गाउँपालिका रहेका छन् । यस जिल्लाको मुख्य नाकाहरुमा साँगा, मंगलटार र दोलालघाटहुन् ।

**काभ्रेपलान्चोक जिल्लाको नक्सा**



## २. जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोकको संक्षिप्त परिचय


स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम काभ्रेपलान्चोक जिल्लाको शान्ति सुरक्षा अमनचयन कायम गर्न तथा जिल्लास्थित अन्य कार्यालयहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासन कायम गर्ने जिम्मेवारीका साथ वि.सं. २०२८ सालमा जिल्ला प्रशासन कार्यालय स्थापना भएको हो । यस कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ले निर्दिष्ट गरेको गृह प्रशासनको अधिकार क्षेत्र भित्र रहेर काम गर्दै आएको छ । यस कार्यालयले मुख्य रुपमा संघ, प्रदेश र स्थानीय तहहरु बीच समन्वय र सुरक्षा प्रबन्ध, अपराध रोकथाम तथा नियन्त्रण, दैनिक रुपमा नियमानुसार नागरिकता तथा राहदानी वितरण, हातहतियार तथा खरखजाना, सार्वजनिक सम्पत्तिको संरक्षण, जुवाजन्य क्रियाकलापको नियन्त्रण, लागुऔषध नियन्त्रण, विपद् व्यवस्थापन, सीमा सुरक्षा, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति तथा बजार अनुगमन, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था मिलाउने र अन्य आकस्मिक सम्पूर्ण कार्यहरु सम्पादन गर्दै आएको छ ।



**जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोक**

# ३. जिल्ला प्रशासन कार्यालयको स्वीकृतसंगठन संरचना र दरवन्दी

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक, धुलिखेल**
**कर्मचारी दरवन्दी तालिका**



## ३.१ जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरवन्दी तेरिज

| सि.नं | पद | श्रेणी/तह | सेवा | समुह | मौजुदा दरवन्दी | थप | घट | कायम हुने दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प.प्रथम | प्रशासन | | १ | ० | ० | १ | |
| २ | स.प्र.जि.अ. | रा.प.द्धितिय | प्रशासन | सा.प्रशासन | १ | ० | ० | १ | |
| ३ | प्रशासनिक अधिकृत | रा.प.तृतिय | प्रशासन | सा.प्रशासन | ३ | ० | ० | ३ | |
| ४ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्रशासन | १० | ० | ० | १० | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | विविध | १ | २ | ० | ३ | |
| ७ | खरिदार | रा.प.अनं.द्धितिय | प्रशासन | सा.प्रशासन | ४ | १ | ० | ५ | |
| ८ | स.क.अ. | रा.प.अनं.द्धितिय | विविध | विविध | २ | ० | २ | ० | |
| ९ | स.लेखापाल | रा.प.अनं.द्धितिय | प्रशासन | लेखा | ० | ० | ० | ० | |
| १० | टाइपिष्ट | - | | - | १ | ० | १ | ० | |
| ११ | ह.स.चा. | श्रेणी विहिन | | - | १ | १ | ० | २ | |
| १२ | का.स. | श्रेणी विहिन | | - | ७ | ० | ० | ७ | |
| | जम्मा | | | | ३२ | ४ | ३ | ३३ | |

**३.२ . जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा कार्यरत कर्मचारीहरुको विवरण**

| क्र.सं. | कर्मचारी नाम थर | पद | श्रेणी वा तह | कैफियत |
|---|---|---|---|---|
| १. | श्रवणकुमार तिमिल्सिना | प्र.जि.अ. | रा.प.प्रथम | |
| २. | लक्ष्मीदेवी होमागाई खतिवडा | स.प्र.जि.अ. | रा.प.द्वितीय | |
| ३. | बालकुमार श्रेष्ठ | प्र.अ. | रा.प. द्वितीय | |
| ४. | खगेन्द्र सुबेदी | प्र.अ. | रा.प.तृतिय | |
| ५. | शेखर आचार्य | प्र.अ. | रा.प.तृतिय | |
| ६. | रुद्रप्रसाद हुमागाई | ना.सु | रा.प.अनं.प्रथम | |
| ७. | कृष्णप्रसाद सापकोटा | ना.सु | रा.प.अनं.प्रथम | |
| ८. | सानु किसि | ना.सु | रा.प.अनं.प्रथम | |
| ९. | रमेश नेपाल | ना.सु | रा.प.अनं.प्रथम | |
| १०. | चिरन्जिवी पोखरेल | ना.सु | रा.प.अनं.प्रथम | |
| ११. | होम बहादुर राउत | ना.सु | रा.प.अनं.प्रथम | |
| १२. | चन्द्र कुमार लुईटेल | ना.सु | रा.प.अनं.प्रथम | गृह मन्त्रालय काज |
| १३. | इश्वरा अधिकारी | ना.सु | रा.प.अनं.प्रथम | |
| १४. | गोविन्द खड्का | ना.सु | रा.प.अनं.प्रथम | |
| १५. | हरिकृष्ण तिमिल्सिना | लेखापाल | रा.प.अनं.प्रथम | |
| १६. | विश्वराज मैनाली | क.अ. | रा.प.अन.प्रथम | करार सेवा |
| १७. | राजकुमार शाह | क.अ. | रा.प.अन.प्रथम | करार सेवा |
| १८. | गोमा पराजुली | क.अ. | रा.प.अन.प्रथम | करार सेवा |
| १९. | नकुल गिरी | खरिदार | रा.प.अन. द्वितीय | |
| २०. | सानुमैया कर्माचार्य | खरिदार | रा.प.अन. द्वितीय | |
| २१. | किशोर तिवारी | खरिदार | रा.प.अन. द्वितीय | |
| २२. | तुलसीप्रसाद दाहाल | खरिदार | रा.प.अन. द्वितीय | |
| २३. | बिदुर पराजुली | का.स. | श्रेणीविहिन पाँचौ | |
| २४. | विष्णु प्रसाद गौतम | का.स. | श्रेणीविहिन पाँचौ | |
| २५. | ज्ञानी लामा | का.स. | श्रेणीविहिन | करार सेवा |
| २६. | मेनुका सापकोटा | का.स. | श्रेणीविहिन | करार सेवा |
| २७. | बिष्णु माया खत्री | का.स. | श्रेणीविहिन | करार सेवा |
| २८. | होमनाथ निरौला | का.स. | श्रेणीविहिन | करार सेवा |
| २९. | मधुराम देउजा | ह.स.चा. | श्रेणीविहिन | करार सेवा |
| ३०. | सुदिप तामाङ | ह.स.चा. | श्रेणीविहिन | करार सेवा |

## ४. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चाकबाट आ.व. २०७६/७७ को श्रावणदेखि पौष मसान्तसम्म सम्पादन भएका कार्यहरु

### ४.१ प्रशासनिक गतिविधि

जिल्लाको समग्र शान्ति सुरक्षा लगायत विशिष्ट व्यक्तिहरुको आवागमनमा सुरक्षा व्यबस्था सम्बन्धी पत्राचार, सरकारी सवारी साधनहरुको सञ्चालन अनुमति, पेन्सनरहरुको पारिवारिकविवरण, व्यहोरा प्रमाणित, नावालक परिचयपत्र, छापाखाना/पत्रपत्रिका दर्ता, सार्वजनिक खरिद कार्य, हातहतियार नामसारी तथा नविकरण, जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमन निरीक्षण, मासिक रुपमा कार्यालय प्रमुखहरुको वैठक लगायत कार्यालयको आन्तरिक प्रशासन सञ्चालन सम्बन्धी कार्य प्रशासन शाखाबाट सम्पादन हुँदै आएको छ । आ.व. ०७६/०७७ माप्रशासन शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरुको विवरण निम्नानुसार रहेको छ ।

**आ.व. ०७६।७७ मा प्रशासन शाखाबाट सम्पादन भए/गरेका कामहरुको संक्षिप्त विवरण**

| क्र.सं. | कामहरु | श्रावण | भदौ | असोज | कार्तिक | मंसीर | पुस |
|---|---|---|---|---|---|---|---|
| १ | पेन्सन सिफारिस | - | - | - | १ | १ | - |
| २ | हातहतियार नामसारी | ० | ० | ० | ० | ० | ० |
| ३ | नाबालक परिचय पत्र | ४८ | ४० | २७ | ३९ | ४३ | ४६ |
| ४ | पत्रपत्रिका दर्ता | - | १ | - | - | - | १ |
| ५ | हातहतियार नविकरण | ९ | ० | ० | ० | ० | ० |
| ६ | आदिवासी जनजाति, दलित लगायत व्यहोरा प्रमाणित | ३५ | ४० | ५८ | २९ | ३० | ४७ |
| ७ | सवारी साधन अनुमति (पास) | ११ | १३ | २९ | १७ | १३ | १६ |
| ८ | कार्यालय प्रमुखहरुको बैठक विविध बैठक | ५ | ७ | ४ | ३ | ८ | ११ |
| ९ | मासिक प्रतिवेदन | १ | १ | १ | १ | १ | १ |

### ४.२ शान्ति सुरक्षा व्यवस्थापन

जिल्ला भित्रको समग्र शान्ति सुरक्षाको व्यवस्थापन गरी जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई सामान्य बनाइ राख्न तथा जिल्लाभित्रका सम्वेदनशिल स्थानहरुको पहिचान गरी सुरक्षा सतर्कता बढाउन, जिल्ला भित्र हुने VVIP, VIP व्यक्तिहरुको आवागमनका बेला सुरक्षा प्रदान गर्न, बन्द हड्ताल, जुलुस, धर्ना तथा संविधान विरोधी समूहहरुबाट हुन सक्ने विष्फोटन, चन्दा असुली, अवाञ्छित दवाव हुन नदिन तथा कुनै पनि क्रियाकलापबाट शान्ति सुरक्षामा असर पर्न नदिन नियमित एवम् आकस्मिक रुपमा जिल्ला सुरक्षा समितिको वैठक बसी गरेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने गरिएको एवम् मन्त्रालयबाट बेलाबेलामा शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा भएका परिपत्र, निर्देशनहरुलाई समेत तदारुकताका साथ कार्यान्वयन गर्ने गरिएबाट हालसम्म जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य राख्न सकिएको अवस्था छ । आ.व. ०७६/०७७ को श्रावणदेखि पौष मसान्तसम्म जिल्ला सुरक्षा समितिको १५ पटक वैठक बसी सुरक्षा सम्बन्धी विभिन्न निर्णयहरु भएका छन् ।

## ४.३ नागरिकता वितरण

यस कार्यालयको स्थापनाकालदेखि हालसम्म ३ लाख भन्दा बढी नागरिकले नागरिकता लिई सकेको हुदाँ विगतमा वितरण गरेका नागरिकताको अभिलेख समेत चुस्त र खोजेको समयमा प्राप्त गर्न सकियोस् भन्ने हेतुले अभिलेख व्यवस्थित गर्ने प्रयास भएको छ ।कार्यालय भवन भाडामा रहेको साथै पर्याप्त कोठाहरु नभएता पनि भएको स्थान प्रयोग गरी अभिलेखको समुचित व्यवस्थापनगरिएको छ ।

जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले आ.व. ०७६/७७ को पहिलो अर्धवार्षिकमा ५,४८३ जनालाई नयाँ नागरिकता वितरण गरेको छ । साथै आ.व. ०७६/७७ को पहिलो अर्धवार्षिकमा ३,५९६ जनालाई प्रतिलिपि नागरिकता र २ जनालाई बैवाहिक अंगिकृत नागरिकता वितरण गरिएको छ ।

मिति २०७६।०४।०१ देखि२०७६।०९।२९ सम्म वितरण गरिएकानागरकिता विवरण निम्न बमोजिम रहेको छ ।

**वितरित नागरिकता**

| सि.न. | वितरित नागिरकता विवरण | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ | ११८२ | १०१२ | ४३६ | ९७१ | ९७० | ९१२ | ५४८३ |
| २ | बैबाहिक अंगिकृत | | | | | | | २ |
| ३ | प्रतिलिपि | ६३२ | ५८५ | ३४९ | ७२९ | ६५३ | ६४८ | ३५९६ |
| | जम्मा | १८१४ | १५९७ | ७८५ | १७०० | १६२३ | १५६० | ९०८१ |

## ४.४ राहदानी वितरण

राहदानी बनाउने क्रममा जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालयमा पेश भएका प्रत्येक१० दिनसम्मको राहदानी फाराम एकमुष्ठ जम्मा गरेर राहदानी विभागमा पठाउने गरिएकोर राहदानी विभागमा तयार भएका राहदानी १०/१० दिनमा विभागबाट ल्याई वितरण गर्ने गरिएकोछ । आ.व. ०७६/७७ को प्रथम अर्धवार्षिकमा ५००९ जनालाई साधारण राहदानी वितरण र १९५० जनालाई द्रुन राहदानी सिफारिस गरिसकेको छ । यस कार्यालयबाटआ.व. ०७६/७७ को प्रथम अर्धवार्षिकमा वितरण गरिएका साधारण राहदानी र सिफारिस भएका द्रुत राहदानीहरुको विवरण निम्नानुसार रहेको छ ।

**कार्यालयबाट वितरित साधारण राहदानीको विवरण**

| सि.नं. | क्रियाकलाप | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | साधारण | ९२५ | ७९९ | ६४८ | ९६२ | ८७१ | ८०४ | ५००९ |
| २ | द्रुत | २६५ | २७७ | २८९ | ४९४ | ३०८ | ३१७ | १९५० |

### ४.५ लागूऔषध दुरुपयोग नियन्त्रण

लागूऔषध दुरुपयोग नियन्त्रण तथा ओसारपसार कार्यलाई रोकथाम गर्न र लागूऔषध तथा पुनः स्थापना केन्द्रको अनुगमन कार्यलाई निरन्तरता दिने हेतुले समय समयमा अनुगमन एवम् निरीक्षण कार्य भइरहेको छ । समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत लागूऔषध नियन्त्रणका गतिविधिलाई तल्लो तहसम्म पुऱ्याउन चेतनामूलक कार्यक्रम संचालन हुँदै आएको छ । उक्त कार्यक्रमका लागि जिल्ला प्रशासन कार्यालय काभ्रेले प्रहरीलाई आवश्यक सहयोग पुऱ्याउँदै आएको छ । यस जिल्लामा रहेको लागूऔषध दुर्व्यसनमा लागेका व्यक्तिहरुको पुनर्स्थापना सम्बन्धी काम गर्दै आएको जिवन विरुद्ध दुर्व्यसन नामक पुनर्स्थापना केन्द्रहरुको समेत यस कार्यालयले समय समयमा अनुगमन/निरीक्षण गर्दै आएको छ ।

### ४.६ मुद्दा फैसला तथा गुनासो व्यवस्थापन

जिल्ला प्रशासन कार्यालयले अर्धन्यायिक निकायको रुपमा प्रचलित ऐन, कानून र नेपाल सरकारबाट समय-समयमा राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका मुद्दामामिलाहरु हेर्ने कार्य गर्दै आएको छ । जस अन्तर्गत सवारी क्षतिपूर्ति, जुवा,सार्वजनिक शान्ति विरुद्धको कसूर, सार्वजनिक नैतिकता विरुद्धको कसूर, अखाद्य वस्तुहरुको उत्पादन र विक्री वितरण कार्य विरुद्धको कसुरजस्ता फौजदारी अपराध सम्बन्धी मुद्दा दर्ता र सोको फछ्र्यौट सम्बन्धी कार्य पर्दछ । यसका अलावा शान्ति सुरक्षा सम्बन्धी गुनासा तथा उजुरीहरुको समेत समयमा नै सुनुवाई गरी निकासा दिने काम गरेको छ । आ.व. ०७६/७७ को प्रथम अर्धवार्षिकमा मा यस कार्यालयमा दर्ता र फछ्र्यौट हुन आएका मुद्दाहरुको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | अ. ल्या. मुद्दा | १२९ |
| २ | यस अर्धवार्षिकमा मुद्धा दर्ता संख्या | ९७ |
| ३ | यस अर्धवार्षिकमा दर्ता भई फर्छौट भएका मुद्धा संख्या | ४ |
| ४ | यस अर्धवार्षिकमा फर्छौट भएका जम्मा | १५५ |
| ५ | फर्छौट हुन बाँकी कुल मुद्धा संख्या | १११ |
| ६ | यस अर्धवार्षिकमा भएको जरिवाना | ४९२००० |
| ७ | यस अर्धवार्षिकमा असुल भएको जरिवाना | ४९२००० |
| ८ | लगत कसी असुल गर्नुपर्ने यस अर्धवार्षिकको जरिवाना | - |
| ९ | लगत कसी असुल गर्नुपर्ने अ.ल्या.को जरिवाना | - |
| १० | ठाडो उजुरी दर्ता संख्या | ६० |
| ११ | फर्छौट भएका ठाडो उजुरी | ६० |
| १२ | फर्छौट हुन बाँकी ठाडो उजुरी | - |

### ४.७ संघसंस्था दर्ता, नविकरण तथा नियमन

काभ्रेपलाञ्चोक जिल्ला वा अन्तर्गतका क्षेत्रहरुमा कार्यक्षेत्र बनाएर काम गर्न चाहने गैरसरकारी संघसंस्थाहरु संस्था दर्ता ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता हुँदै आएका छन् । शुरुदेखि चालु आ.व.को प्रथम अर्धवार्षिक सम्ममा काभ्रेपलाञ्चोक जिल्लामा २१४६ गैर सरकारी संस्थाहरु दर्ता भैसकेको देखिन्छ । जसमध्ये आ.व.०७६/७७ को प्रथम अर्धवार्षिकमा २७ वटा संस्थाहरु दर्ता भएका र १६७ वटा संस्थाहरु नविकरण भएकाछन् ।

## ४.८ विपद् व्यवस्थापन

यो जिल्ला पहाडी क्षेत्रमा पर्ने हुँदा प्राकृतिक विपत्तिका हिसावले काभ्रेपलाञ्चोक जिल्ला उच्च जोखिमयुक्त जिल्लामा पर्दछ । यस जिल्लामा देखिने प्रमुख प्रकोपजन्य समस्याहरुमा बाढी, पहिरो, आगलागी, भूकम्प, चट्याङ्ग आदि रहेका छन् । जिल्लामा हुन सक्ने विपद्बाट हुने क्षतिलाई न्युनीकरण गर्न तथा आगामी दिनमा आउन सक्ने विपद्को सामना गर्न जिल्ला विपद् व्यवस्थापन समिति रहेको छ । विपद् व्यवस्थापन समितिको वैठक आवश्यकतानुसार बस्ने गरेको छ । समितिले जिल्ला स्तरीय विपद् प्रतिकार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको छ । उक्त प्रतिकार्य योजना हरेक वर्ष अध्यावधिक हुँदै आएको छ । स्थानीय तहहरुसंग समेत विपद् व्यवस्थापनका गतिबिधिहरुलाई सहकार्यका रुपमा अगाडि बढाउन स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतको सहभागितामा विपद् व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्दै आएको छ । स्थानीय तहमा विपद् व्यवस्थापनका लागि आवश्यक कोष खडा गर्न तथा विपद्को जोखिम न्यूनीकरण र क्षमता अभिवृद्धि समेतका कार्यक्रम गर्नवडा स्तरसम्म स्थानीय विपद व्यवस्थापन समितिहरु गठन गर्न उक्त समितिले निर्देशन दिएको छ ।

जिल्ला विपद् व्यवस्थापन कोषबाट आ.व. ०७६/७७ को प्रथम अर्धवार्षिकमा भएको खर्चको विवरण निम्नानुसार रहेको छ ।

**विवरण**

| शीर्षक | प्रभावित संख्या | वितरण गरिएको राहत रकम |
|---|---|---|
| आगलागिबाट मृत्यू भएको परिवारलाई वितरित राहत | १ | १,००,०००।०० |
| पहिरोबाट मृत्यु भएका परिवारलाई वितरित राहत | २ | २,००,०००।०० |
| आगलागी पिडित परिवारलाई वितरित राहत | | १०,०००।०० |
| पहिरोबाट पिडीत परिवारलाई वितरित राहत | | ८,०६,५००।०० |
| चालु आ.व.को प्रथम अर्ध वार्षिकमा जम्मा राहत वितरण रकम | | ११,१६,५००।०० |

यस अवधिमा २ पटक जिल्ला विपद व्यवस्थापन समितिको वैठक बसेको छ ।जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकमा रहेको जिल्ला आपतकालिन कार्य सञ्चालन कोन्द्र (DEOC) ले भुम्लु गा.पा., रोशी गा.पा. तथा नमोबुद्ध न.पा. र मण्डनदेउपुर न.पा. मा विपद् सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरेको छ । साथै प्र.जि.अ. को अध्यक्षतामा सबै पालिकाको प्रमुख/अध्यक्षहरुको उपस्थितिमा जिल्ला समन्वय वैठक समेत सम्पन्न भएको छ ।

### ४.९ जिन्सी सामग्री लिलाम तथा व्यवस्थापन

आर्थिक कार्यविधि ऐन २०५५ र आर्थिक कार्यविधि नियमावली बमोजिमका प्रक्रिया पूरा गरी जिन्सी अभिलेखलाई व्यवस्थित गर्ने गरिएको छ । आ.व. ०७६/७७को श्रावण महिनामा खरिद इकाई गठन गरी विनियोजित बजेटबाट नयाँ फर्निचर,स्टेशनरी लगायतका सामान खरिद गरी कार्यालय थप व्यवस्थित गरिएको छ । लिलाम गर्नुपर्ने पुराना फर्निचर तथा अन्य सामग्रीहरु नियमानुसार आवश्यक प्रकृया पुऱ्याई मिति २०७६।०९।११ मा लिलाम गरिएको छ ।

### ४.१० बजार अनुगमन

प्रदेश स्तरीय संयुक्त बजार अनुगमन निर्देशिका २०७६ लागू भएपछि जिल्ला प्रशासन कार्यालय, काभ्रेबाट मिति २०७६।०४।०१ देखि २०७६ पौष मसान्तसम्म विभिन्न स्थानमा बजार अनुगमन गरिएको छ । होटलमा अखाद्य वस्तु र रङ प्रयोग गरी खाद्य वस्तु विक्री वितरण नगर्न होटल सञ्चालकहरुलाई निर्देशन दिइएको छ । आ-आफ्ना व्यवसायिक फर्महरु दर्ता गरी सञ्चालन गर्न, म्याद सकिएको अवस्थामा नविकरण गरेर र प्रचलित कानुनको पालना गरेर मात्रै व्यवसाय संचालन गर्न/गराउन अुगमनको क्रममासुझाव दिइएको छ । यस जिल्लाको धुलिखेल, बबनेपा, पनौती, नमोबुद्ध, पाँचखाल र मण्डनदेउपुर नगरपालिका क्षेत्रका बजारहरुमा पटक पटक अनुगमन गरिएको र पाँचखाल न.पा. स्थित धुन्द्रे भीमसेन बेकरी उद्योगबाट म्याद नाघेको मैदा १७० बोरा मैदा जफत गरी पिठो नष्ट गरिएको छ ।

### ४.११ राजश्व संकलन

यस कार्यालयले शान्ति सुरक्षा कायम गर्न तथा कानूनी शासनको प्रत्याभुति दिन दर्ता भएका मुद्दा मालिलाहरुको छिटो छरितो रुपमा सुनुवाई तथा फैसला गर्दै आएको छ । मुद्दा मामिला फैसला गर्ने क्रममा लिइने धरौटी तथा जरिवानाका साथै राहदानी वितरण, छापाखाना तथा पत्रपत्रिका दर्ता, संघसंस्था दर्ता तथा नविकरण र हातहतियार दर्ता, नविकरण र नामसारीबाट आ.व. २०७६।०७७ को पौष मसान्तसम्ममा संकलित राजश्व विवरण निम्नानुसार रहेको छ ।

**संकलित राजश्व विवरण**

| सि.नं. | शीर्षक | राजश्व आम्दानी | सञ्चित कोष दाखिला | कैफियत |
|---|---|---|---|---|
| १. | राहदानी शुल्क | २,५९,७६,७०० | २,५९,७६,७०० | |
| २. | अन्य प्रशासनीक सेवा शुल्क | २,६८,१४५ | २,६८,१४५ | |
| ३. | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५८,२५० | ५८,२५० | |
| ४. | सरकारी सम्पतिको बिक्रिबाट प्राप्त रकम | २६,१०० | २६,१०० | |
| ५. | बेरुजु | २६,३५,०४३ | २६,३५,०४३ | |
| | **कूल जम्मा** | २,८९,६४,२३८ | २,८९,६४,२३८ | |

**बजेट व्यवस्थापन**

| सि नं | शिर्षक | विनियोजित बजेट रु हजारमा | पौष मसान्तसम्मको प्रगति रु हजारमा | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | २०४४६ | १०८७१ | ५३.१६ | |
| २ | पुँजिगत | २२३००० | १४९७ | ०.६७ | |

**जिल्ला प्रशासन कार्याल काभ्रेको बेरुजु फछयौटको अवस्था**

| सि.नं. | शिर्षक | रकम |
|---|---|---|
| १ | ०७४/७५ सम्मको बेरजु | १०५३४८१९.९९ |
| २ | ०७५/७६ को बेरुजु | - |
| ३ | ०७५/७६ मा सम्परिक्षण | ८५७१४६८.१३ |
| ४ | खुद बाँकी बेरुजु | १९६३३५१.८६ |
| ५ | बेरुजु फर्छयौट प्रतिशत | ८१.३६ |

## ४.१२समन्वय तथा सहकार्य

यस कार्यालयले जिल्लामा शान्ति सुरक्षा व्यवस्थापन गर्नुका साथसाथै विकास निर्माण तथा अन्य आवश्यक कार्यहरुमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय तथा सहकार्य गर्दै आएको छ।

क. स्थानीय तहसँग समन्वयः जिल्लाको शान्ति सुरक्षा, सुशासन, सेवा प्रवाह, सडक सुशासन, प्राकृतिक श्रोतको उपयोग, ढुङ्गा, बालुवा तथा क्रसर उद्योगहरुको नियमन, विपद व्यवस्थापन आदि विषयमा जिल्ला समन्वय समितिका प्रमुख, १३ वटै स्थानीय तहका प्रमुख तथा सुरक्षा निकायहरु बीच समन्वय वैठक बसी छलफल गरिएको र छलफलबाट स्थानीय तहका समस्या र सो समस्या समाधान गर्न सुझाव समेत प्राप्त भएकाले स्थानीय तहसँग राम्रो समन्वय तथा सहकार्य भइरहेको छ । प्र.जि.अ. ज्यूको अध्यक्षतामा मिति २०७६।०७।२५ गते स्थानीय तहका प्रमुखहरुसँग समन्वय वैठक बसेको थियो ।

ख. अन्तर जिल्ला समन्वयः काभ्रेपलाञ्चोक जिल्लासँग सीमाना जोडिएका जिल्लाहरुसँग अन्तर जिल्ला समन्वय वैठक गर्ने सन्दर्भमा मिति २०७६।०७।२३ गते सिन्धुपाल्चोक जिल्लासँग समन्वय वैठक बसी चोरी, निकासी, संविधान विरोधी गतिविधि, प्राकृतिक श्रोत साधनको दोहन नियन्त्रण गर्ने कार्यमा सूचना आदान प्रदान समन्वय र सहकार्य गर्ने निर्णय भएको र निर्णयानुसार समन्वय र सहकार्य भइरहेको छ । त्यसै गरि यस जिल्लाहरुसंग समेत विभिन्न मितिमा समन्वय वैठक सम्पन्न भएको छ ।

## ५. जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट भएका सिर्जनशील कार्यहरु :

### ५.१ सम्पादित कार्यहरु (सुशासन)

यस कार्यालयले सेवाग्राहीहरुको सुविधा र हितलाई ध्यानमा राखी हालसम्म निम्नानुसारका कार्यहरु गरेको छ ।

क. डिजिटल नागरिक बडापत्र र गुनासो पेटिका सबैले देख्ने गरी राखिएको,
ख. कार्यालयको छुट्टै वेभ साइट र फेसबुक पेज मार्फत महत्वपूर्ण गतिविधिहरु सार्वजनिकीकरण गरिएको,
ग. अशक्त, अपाङ्ग र जेष्ठ नागरिकहरुका लागिसहज रुपमा सेवा प्रवाह गर्ने व्यबस्था मिलाएको ।
घ. गुनासो सुन्ने अधिकारी, सूचना अधिकारीर सहायता कक्ष आदिको व्यवस्था ।
ङ. शाखाहरुको नाम सहित कोठा नम्बर उल्लेख भएको ।
च. ई-हाजिरीको व्यवस्था गरेको ।
छ. डिजिटल डिस्प्लेको व्यवस्था गरिएको ।
पुरानो भाडाको भवनबाट नयाँ अर्को भाडाको भवनमा सरी सेवाग्राहीलाई सहज हुने गरी सेवा प्रवाह गरिएको ।
ज. नियमित स्टाफ वैठक गरी सेवा प्रवाहमा सहजता ल्याएको ।
झ. सेवाग्राही तथा सर्वसाधरणबाट प्राप्त सुझावहरुको आधारमा सेवा प्रवाहमा सुधार गरिएको ।

### ५.२. कार्यालयले सम्पादन गरेका अन्य कार्यहरुः

**क. कार्यसम्पादन सम्झौता :** काभ्रे जिल्लाका प्र.जि.अ. बाट कार्यालयका अधिकृत कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता भएको छ । सम्झौता पछि कार्यालयको कार्यसम्पादनमा अझ चुस्तता आएको र सेवा प्रवाह थप प्रभावकारीता भएको छ ।

**ख. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सम्बन्धी वैठक :** काभ्रेपलाञ्चोक जिल्लास्थित राष्ट्रिय गौरव/प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन, पुष्पलाल मध्यपहाडी राजमार्ग, डिभिजन सडक कार्यालय, पूर्वाधार विकास कार्यालय, ४०० के.भि. प्रसारण लाईन, काभ्रे आदिको कार्यान्वयन र सो को कार्यप्रगति एवम् समस्याहरु सम्बन्धमा प्र.जि.अ. एवम् सम्बन्धित कार्यालयका प्रमुखहरुसँग मिति २०७६।९।१४ गते वैठक बसी सो विषयमा विष्तृत छलफल गरी समयमै आयोजना सम्पन्न गर्न निर्देशन दिइएको छ । आयोजना कार्यान्वयन सम्बन्धमा हाल विशेष समस्या भएको पाइएको छैन ।

**ग. साना हातहतियार तथा खरखजाना प्रयोग, नियमन र नियन्त्रण सम्बन्धी विशेष कार्यदलको वैठकः** गृह मन्त्रालयको निर्देशन बमोजिम जिल्लाभित्र साना हातहतियारको आयात, ओसार पसार र अबैध प्रयोगलाई नियन्त्रण गर्ने सम्बन्धमा विशेष कार्यदल (Special Task Force) गठन भएको र सो कार्यदलको मिति २०७६।०६।२६ गते वैठक, सना हातहतियार आयात, ओसार पसार र प्रयोग हुन नदिन समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत

सर्वसाधारणमा जानकारी गराउने, साना हातहतियार प्रवेश हुने सक्ने नाकाहरुमा कडाइका साथ चेकजाँच गर्ने, खानतलासी गर्ने र हतियार पाइएमा नियन्त्रणमा लिने, जफत गर्ने, कार्यवाहीका लागि पेश गर्ने आदि निर्णय भएको थियो । काभ्रे जिल्लामा साना हातहतियारहरुको प्रयोग खासै भएको पाइएको छैन ।

घ. **एलपि ग्यास बिक्रेताहरुसँग छलफल:** आ.व. ०७६/०७७ का प्रमुख चाडपर्वहरु बिजया दशमी तथा लक्ष्मीपूजाको समयमा नियमित तथा सहज आपूर्ति गर्नका लागि जिल्लाभरका ग्यास विक्रेताहरुसँग मिति २०७६।०७।०६ गते छलफल तथा अन्तरक्रिया गरियो । चाडपर्वका बेला ग्यास अभाव हुन नदिने गरी व्यवसायीहरुलाई बिक्री गर्न र ग्यासको आवश्यक सुरक्षा समेत गर्न निर्देशन दिइएको थियो । हालसम्म उक्त ग्यासको सहज आपूर्ति भएको पाइएको छ ।

ङ. **सडक सुशासन सम्बन्धी वैठक:** जिल्लाभित्रका मुख्य दुई राजमार्ग अरनिको तथा वि.पी. राजमार्ग तथा सहायक राजमार्गहरुमा कुनै पनि प्रकारको अबरोध हुन नदिन स्थानीय पालिकाहरुका प्रमुख प्रशासकीय अधिकृत, सरोकारवाला कार्यालयहरु तथा सुरक्षा निकायहरुसँग मिति २०७६।०६।२९ गते बैठक बसी जिल्लाका प्रमुख तथा सहायक मार्गहरुमा हुनसक्ने अबरोध हटाउने सम्बन्धमा छलफल गरी अबरोध भएमा यथाशिघ्र अबरोध हटाउने र सरोकारवाला निकायले सडकको नियमित मर्मत सम्भार गर्ने तथा सम्बन्धित स्थानीय तहले व्यवस्थित पार्किङ्ग तथा बस बिसौनी निर्माणमा सहयोग गर्ने निर्णय भएकोमा हालसम्म सडक अबरोध भई यातायात आवगमन रोकिनु पर्ने अवस्था आएको छैन।

च. **सूचना अधिकारीसँग बैठक:** जिल्लास्थित सरकारी कार्यालय तथा स्थानीय पालिकाहरुबाट हुने सेवा प्रवाहलाई अझ पारदर्शी, प्रभावकारी र स्वतस्फूर्त रुपमा सञ्चालन गर्न तथा सो सम्बन्धमा सूचना प्रवाह गर्न प्रत्येक कार्यालयका सूचना अधिकारीसँग नियमित रुपमा छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ । कार्यालयमा माग भएका सूचना उपलब्ध गराउने र सो को अभिलेख राख्ने गरिएको छ । जिल्लास्थित सूचना अधिकारीले सूचना प्रवाह नगरेको भनी हालसम्म गुनासो प्राप्त भएको पाइएको छैन ।

## ५.३ अनुगमन निरीक्षण

जिल्ला प्रशासन कार्यालयले जिल्ला स्थित कार्यालयहरुले आ-आफ्नो कार्याधिकार भित्र रहेर जिल्लामा सुशासन कायम गर्ने उद्देश्यले काम नगरेको सम्बन्धमा प्रत्येक कार्यालयको स्थलगतरुपमा अनुगमन गर्दै आएको छ । अनुगमनको कार्यलाई अगाडि बढाउनसुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावली २०६५ अनुसार अनुगमनका सूचकहरुतोकी अनुगमन फारम तयार गरेको छ ।

हालसम्म जिल्लास्थित कार्यालयहरुको तीन पटक अनुगमन गरिएको र अनुगमनका क्रममा देखिएका कैफियत सच्याउन निर्देशन गरिएको ।


जिल्ला प्रशासन कार्यालय
जिल्ला प्रशासन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक